गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय**
बागलुङ

संक्षिप्त
# मासिक बुलेटिन

वर्षः २ | अंकः ६ | महिनाः ६ | आषाढ २०८०

## आ.व २०७९/८० लाई सफल बनाउन सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरु प्रति स्वास्थ्य कार्यालय बागलुङ परिवार हार्दिक आभार प्रकट गर्दछ!!!




# बागलुङ पूर्ण खोप सुनिश्चित जिल्ला घोषित

बागलुङ जिल्लालाई जिल्ला खोप समन्वय समितिले पूर्ण खोप सुनिश्चित भएको जिल्लाको रुपमा घोषणा गरेको छ । जन्मेदेखि ५ वर्षसम्मका सबै बालबालिकाले आवश्यक पर्ने सबै खोप पाएको निश्चित भएपछि सोमबार बागलुङलाई पूर्ण खोपयुक्त जिल्ला घोषणा गरिएको हो । तोकिएको उमेर समूहका १० हजार ३ सय १८ बालबालिकाले सबै प्रकारका खोप पाएको र नवजात शिशुले पनि खोप पाउन थालेकोले दिगोपनको समेत घोषणा भएको हो । गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव विनोद बिन्दु शर्माले घोषणासभाको उद्घाटन गर्दै गण्डकी प्रदेशका सबै बालबालिकाले खोप पाएको सुनिश्चित भएको बताउनुभयो । भौगोलिक कठिनाइ भए पनि बागलुङ जिल्लाका सबै पालिका र वडा तहका स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाले पनि अभियानमा अगुवाइ गरेको कुरा सबैले स्वीकार्न पर्दछ। नेपाल सरकारले २०३४ सालमा बिफर उन्मुलन गरेपछि बालमृत्युदर घटेको र अन्य रोगबाट पनि बचाउन धेरै सहज भएको छ। घोषणा सभामा बागलुङका सबै पालिकाका प्रमुख तथा स्वास्थ्य शाखाका प्रमुखसमेत सहभागी भएर संयुक्त रुपमा हस्ताक्षर गर्नुभएको थियो । यसअघि असारको पहिलो सातामा १० वटै पालिकाले पालिका स्तरमा पनि घोषणासभा सम्पन्न भएपछी जिल्लालाई पूर्णखोप सुनुस्चित जिल्ला घोषित गरिएको हो। घोषणामा सहयोग गरेको भन्दै गण्डकी प्रदेश खोप समन्वय समितिले जिल्लाका सबै पालिकालाई सम्मानपत्र समेत दिएको छ। महिला स्वास्थ्य स्वयंसेविकासहित सबै स्वास्थ्यकर्मीले घरघरमा पुगेर शतप्रतिशत बालबालिकालाई खोप लगाउन सकेकाले सम्मानपत्र दिइएको हो ।









"स्थानीय स्रोतको उपयोग, स्वामित्व र सहभागिता
पूर्णखोप सुनिश्चित जिल्ला हाम्रो प्रतिबद्धता"

पूर्णखोप सुनिश्चितता निर्देशिका २०७१ (तेश्रो संसोधन २०७७) अनुसार आवश्यक सम्पूर्ण प्रक्रियाहरु पुरा गरी यस बागलुङ जिल्लालाई आज मिति २०८० साल आषाढ १८ गतेका दिनसम्म १६ महिना देखि ५९ महिनासम्मका सम्पूर्ण (१०३१८) बालबालिकाहरुलाई १५ महिनाको उमेर भित्र राष्ट्रिय खोप तालिका अनुसार पाउनु पर्ने सबै खोप दिलाई पूर्णखोप पाएको सुनिश्चित गर्दै बागलुङ जिल्लालाई पूर्ण खोप सुनिश्चितताको दिगोपना भएको घोषणा गर्दछौं । आज कार्यक्रममा उपस्थित प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि, जनप्रतिनिधी, राजनितीक दलका पदाधिकारीहरु, खोप समन्वय समितिका पदाधिकारीहरु, स्वास्थ्यकर्मी, शिक्षक एवं विद्यार्थीहरु, सुरक्षा निकायका प्रतिनिधी, सञ्चारकर्मीहरु, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, आमा समूह एवं बागलुङ जिल्लाका हामी बासिन्दाहरु आगामी दिनमा समेत पूर्णखोप बागलुङ जिल्ला सुनिश्चितताको दिगोपना कायम राख्ने प्रतिबद्धता व्यक्त गरी हस्ताक्षर गर्दछौं ।













गण्डकी प्रदेश सरकार

# जिल्ला खोप समन्वय समिति बागलुङ

"स्थानिय श्रोतको उपयोग, स्वामित्व र सहभागिता
पूर्णखोप सुनिश्चित जिल्ला हाम्रो प्रतिवद्धता"

पूर्ण खोप, सुरक्षित भविष्य

# प्रतिवेदन

बागलुङ जिल्ला पूर्ण खोप सुनिश्चतताको दिगोपना घोषणा सभा कार्यक्रमका सभा अध्यक्ष तथा जिल्ला खोप समन्वय समितिका संयोजक श्री अमर बहादुर थापा ज्यू, प्रमुख अतिथि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशका श्रीमान् सचिव ज्यू , बागलुङ जिल्लाका नगरपालिका गाउँपालिकाबाट पाल्नुभएका प्रमुख, उपप्रमुख तथा अध्यक्ष, उपाध्यक्ष ज्यू, श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू, सहायक प्रमुख जिल्ला अधिकारी ज्यू, श्री जिल्ला समन्वय अधिकारी ज्यू, सुरक्षा निकायका प्रमुख, WHO/IPD , WaterAid लगायत विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुबाट पाल्नुभएका प्रमुख तथा प्रतिनिधि, नगरपालिका गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका, संचारकर्मी लगायत यहा उपस्थित आदरणीय महानुभावहरुमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्न चाहान्छु।

नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा परिभाषित गरी नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गरेको छ । आधारभूत स्वास्थ्य सेवा स्थानीय तहबाट संचालन तथा व्यवस्थापन हुने कानूनी प्रावधान रहेको छ । जनस्वास्थ्य सेवा ऐन २०७५ मा खोप सेवालाई आधारभूत निःशुल्क स्वास्थ्य सेवाको सूचीमा राखिएको छ । खोप सेवालाई व्यवस्थित बनाउनका लागि खोप ऐन २०७२ तथा नियमावली २०७४ र प्रदेश खोप एन २०७५ ले गुणस्तरीय खोप सेवा सुनिश्चितताका लागि कानूनी प्रावधानहरु तय गरेको छ ।

खोप कार्यक्रम राज्यका ३ वटै सरकारको पहिलो प्राथमिकतामा रहेको कार्यक्रम हो । वि.सं. २०३४ सालमा विफर रोगको उन्मूलन भएसंगै नेपालका ३ वटा जिल्ला (धनुषा, रुपन्देही र सिन्धुपाल्चोक) मा चारवटा रोग (क्षयरोग, भ्यागुते रोग, लहरेखोकी र धनुष्टंकार) विरुद्ध दुईवटा खोप वि.सि.जि. र डि.पि.टि. बाट शुरुवात गरिएको खोप कार्यक्रम वि.सं. २०४५/४६ बाट देशभरी संचालन गरेको पाईन्छ । खोप सेवालाई विस्तार गर्दै लैजाने र महामारी जन्य रोगहरु विरुद्धमा नयाँ नयाँ खोप क्रमश समावेश गर्दै लैजाने उद्देश्य अनुरुप हाल नेपालमा १३ वटा रोगहरु (क्षयरोग, रोटा भाइरसबाट हुने झाडापखाला, पोलियो, स्टेपटोकोकस निमोनिया, भ्यागुतेरोग, लहरेखोकी, धनुष्टँकार, हेपाटाइटिस बि, मेनेन्जाइटिस, दादुरा, रुवेला, जापनिज इन्सेफ्लाईटिस र टाइफाइड ) विरुद्धका खोपहरु १५ महिनाको उमेर सम्मका बालकालिकाहरुलाई प्रदान गरिदै आएको छ भने दुई वटा रोग विरुद्धका खोप गर्भवती आमाहरुलाई दिइदै आएको अवगत छ र निकट भविष्यमा नै महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर रोग विरुद्धको खोप ल्याउने तयारीमा नेपाल सरकार रहेको छ । नेपालको संविधान, राष्ट्रिय स्वास्थ्य नीति, राष्ट्रिय खोप ऐन २०७२ को भावना अनुरुप आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क तथा सहज पहुँच विस्तार गर्नुपर्नेमा विशेष जोड दिइएको छ । निश्चित रोगबाट बचाउनको लागि तयार गरिएको जैविक तत्व युक्त खोपको माध्यमबाट बालबालिकाहरुको शरीरमा रोगसँग लड्न सक्ने प्रतिरक्षा प्रणालीको विकास गरी रोग लाग्नबाट बचाउनु खोप सेवाको उद्देश्य हो । खोप सेवाले रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु वेश भन्ने कुरा उपस्थित सबैमा स्मरण गर्न चाहन्छु । हाल बागलुङ जिल्लामा १८३ वटा खोपकेन्द्रबाट प्रत्येक महिना १९३ खोप सेसन द्वारा निरन्तर रुपमा खोप सेवा प्रदान गरिदै आइरहेको छ । खोप सेवाको समय सापेक्ष नीतिगत सुधार, सेवाको विस्तार, मानविय तथा संस्थागत संरचनामा भएको स्तरोन्नती, खोप सेवाको सहज उपलब्धता, पहुँच र समुदायको व्यापक उपभोगका कारण आमा तथा बालबालिकाको मृत्युदर र अपाङ्गतामा उल्लेखनीय सुधार आएको र सहश्राब्दि विकास लक्ष्य (४ र ५) प्राप्त गर्न सफल भएको छ ।

हरेक बालबालिकाले जन्म पश्चात खोप लगाउन पाउनुपर्ने र बाँच्नु पाउने नैसर्गिक अधिकारको सुनिश्चितता गर्नु तथा गुणस्तरीय र प्रभावकारी खोप सेवा लक्षित वर्गसम्म पुर्याउनु हाम्रो जिम्मेवारी हो भने उपलब्ध सेवालाई निरन्तर रुपमा उपभोग गर्नु समुदाय तथा अभिभावकको दायित्व हो । अतः नेपाल सरकारले खोप सेवा पाउन पर्ने लक्षित बालबालिकाहरुले जन्मेको १५ महिनाको उमेरभित्रै पूर्ण खोप प्राप्त गरी विभिन्न रोगहरुबाट सुरक्षित हुन सकुन भन्ने अभिप्रायले पूर्ण खोपको अवधारणा वि.सं. २०६७ बाट शुरु गरेको थियो । बागलुङ जिल्लालाई मिति २०७५ साल आषाढ २५ गते पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा गरिएको थियो साथै आगामी दिनमा पनि यसलाई निरन्तरता दिन प्रतिवद्धता समेत जाहेर गरिएको थियो । विगत केहि वर्ष कोभिड-१९ को महामारी सँग नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, राष्ट्रसेवक कर्मचारी तथा सरोकारवालाहरुको अथक प्रयासबाट पुनः बागलुङ जिल्लालाई पुर्णखोप सुनिस्चित जिल्ला घोषणा सभामा उपस्थित हुन पाएका छौ। कोभिड-१९ नियन्त्रणको लागि हरेक पल विहान बेलुका, विदा केही नभनि स्वास्थ्यकर्मीहरु अहोरात्र खट्दै २१६२७५ जनालाई पहिलो मात्रा, २१२४०७ जनालाई दोस्रो मात्रा, पहिलो बुस्टर १०८७२४ जनालाई र दोस्रो बुस्टर १७३६७ जनालाई कोभिड १९ रोग विरुद्धको खोप सेवा प्रदान गरिएको छ । महामारीको क्रममा धेरै ढोकाहरु बन्द भए तर स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी राज्यको अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालयका कर्मचारी निरन्तर रुपमा खटिरहे र विश्वका थुप्रै राष्ट्रहरुमा बालबालिकाहरुले नियमित रुपमा पाउनुपर्ने खोप सेवा अवरुद्ध भएतापनि हाम्रो जिल्लामा निरन्तर सेवा प्रवाहमा खटिदै आयौ । आज २०८० साल आषाढ १८ गते गुरुपूर्णीमा तथा सोमबारको सुभ दिन पारेर वडा, पालिका हुँदै बागलुङ जिल्लालाई पूर्ण खोप सुनिश्चित दिगोपना जिल्ला घोषणा गर्दैछौं । अपवाद बाहेक यो क्रम हरेक वर्ष माघ महिना देखि शुरु भइ यो अभियानमा बागलुङ जिल्लाका दशवटै स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी घर घरमा गई ५ वर्ष सम्मका खोप लगाउन छुट बालबालिकाहरुको खोजी गरी भेटिएका सम्पूर्ण बालबालिकाहरुलाई खोप लगाउने कार्य सम्पन्न भएको छ । पूर्ण खोप सुनिस्चितता अभियानको क्रममा खोप प्राप्त गरेका सबै बालबालिकाको विवरण पेश गर्न चाहान्छु ।

**पालिका स्तरीय पूर्ण खोपको विवरण**

| क्र.सं. | स्थानीय तह | पूर्णखोप सुनिश्चित पालिका घोषणा मिति | हाल खोप पाईरहेका ०–१५ महिना बालबालिकाहरु | पूर्ण खोप प्राप्त गरेका १५–५९ महिनाका बालबालिकाहरु |
|---|---|---|---|---|
| १ | बरेङ गाउँपालिका | २०८०-३-१४ | १७५ | ४७० |
| २ | ताराखोला गाउँपालिका | २०८०-३-१२ | १४२ | ४१७ |
| ३ | बागलुङ नगरपालिका | २०८०-३-१० | ६९४ | २०८५ |
| ४ | गलकोट नगरपालिका | २०८०-३-१० | ५३९ | १६३५ |
| ५ | बडिगाड गाउँपालिका | २०८०-३-१५ | ६२३ | ४४३ |
| ६ | ढोरपाटन नगरपालिका | २०८०-३-०८ | ८५६ | १७७५ |
| ७ | काठेखोला | २०८०-३-१० | ३७७ | ६०९ |
| ८ | तमानखोला गाउँपालिका | २०८०-३-१० | २२४ | ५१० |
| ९ | निसिखोला गाउँपालिका | २०८०-३-१० | ६६८ | १२४९ |
| १० | जैमिनी नगरपालिका | २०८०-३-११ | ३७९ | ११२५ |
| | **जम्मा** | | **४६७७** | **१०३१८** |

बागलुङ जिल्लामा ५ बर्ष सम्मका १०३१८ जना बालबालिकाहरुले पूर्ण खोप पाएको विवरण पेश गर्न पाउँदा हामि गौरवान्वित छौ ।

यस प्रतिवेदनमा राष्ट्रिय खोप कार्यक्रमले हालसम्म प्राप्त गरेका उपलब्धी देहाय वमोजिम उल्लेख गर्न चाहन्छु:

- बिफर रोगको उन्मूलन वि.स. २०३४ साल
- बाल मृत्युदरमा उल्लेख्य कमि (सहस्राब्दि लक्ष ४ र ५ प्राप्त) भएको
- सन् २००५ देखि मातृ तथा नवशिशु धनुष्टङ्कार रोग निवारण भएको
- सन् २०१० देखि पोलियो रोग शून्य अवस्था कायम राख्दै उन्मूलनको नजिक रहेको
- जापानिज ईन्सेफलाईटिस रोग नियन्त्रणमा रहेको
- सन् २०१८ देखि रुबेला तथा सि.आर.एस (Congenital Rubella Syndrome) नियन्त्रणमा रहेको
- दादुरा रुबेला रोग निवारण उन्मूख रहेको
- बालबालिकामा "हेपाटाईटिस बि" नियन्त्रणमा रहेको

हालसम्मका यी उपलब्धीहरुलाई संस्थागत गर्दै लक्षित बालबालिकाहरुले तोकिएको अवधिभित्र सम्पूर्ण खोप सेवा प्राप्त गरुन भन्ने अभिप्रायले शुरुवात भएको पूर्ण खोप सुनिश्चितताको अवधारणा अन्तर्गत पूर्ण खोप दिगोपनाका लागि वडा खोप समन्वय समिति, पालिका खोप समन्वय समिति एवं जिल्ला खोप समन्वय समितिले बागलुङ जिल्लालाई दिगोपनाका लागि कार्ययोजना बनाई प्रतिवद्धता व्यक्त भएको सन्दर्भमा पूर्ण खोप सुनिश्चितताको अवस्थालाई निरन्तर कायम रहने व्यहोरा सभाध्यक्ष मार्फत प्रमुख अतिथि लगायत यस सभामा उपस्थित सम्पूर्ण मन्यवरमा विश्वास दिलाउँदै यस अभियानमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा योगदान पुर्याउने ३ वटै सरकार तथा जिल्ला समन्वय समिति बागलुङ, पालिका खोप समन्वय समिति, वडा खोप समन्वय समिति, स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका, सुरक्षाकर्मी, पत्रकार, सरकारी तथा गैरसरकारी संघ संस्था, अभिभावक तथा सरोकारवालाहरु सम्पूर्णमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै पूर्ण खोप सुनिश्चितता निर्देशिका २०७१ (तेस्रो संस्करण २०७७) बमोजिम सम्पूर्ण प्रक्रियाहरु पुरा गरी बागलुङ जिल्लालाई पूर्णखोप सुनिश्चितता जिल्ला घोषणा सभामा जिल्ला खोप समन्वय समितिको तर्फबाट यो प्रतिवेदन वाचन गर्न पाउँदा खुशी प्रकट गर्दै प्रतिवेदनलाई समृद् बनाउने कार्यमा महत्वपूर्ण सहयोगको अपेक्षा राख्दछु।

**प्रतिवेदकः**

प्रविण शर्मा

सदस्य सचिव,

जिल्ला खोप समन्वय समिति, बागलुङ

## महिला सामुदायिक स्वास्थ्य स्वयमसेबिकाकाहरुको लागि तालिम तथा सम्मानजनक विदाई

स्वास्थ्य कार्यालय बागलुङको आयोजना तथा जिल्लाका विभिन्न स्थानीय तहसंगको समन्वयमा महिला सामुदायिक स्वास्थ्य स्वयमसेबिकाकाहरुको लागि १० दिने आधाभुत तालिम तथा ४ दिने पुनर्ताजगी तालिम तथा स-सम्मान विदाई कार्यक्रम समपन्न भएको छ। यस संगै स्वास्थ्य कार्यालय बागलुङबाट आ.ब २०७९/०८० मा ६९ जना म. स्वा. स्वयं. से लाई आधारभूत तालिम, ५४ जना म. स्वा. स्वयं. से लाई पुनर्ताजगी तालिम प्रदान गरिएको छ भने १३ जना म. स्वा. स्वयं. से लाई दीर्घकालीन सेवा स्वरूप सम्मानजनक बिदाइ गरिएको छ।















## बरेङ तथा तमानखोला गाउपालिकाको पारिवारिक स्वास्थ्य प्रोफाइल सार्वजनिक

स्वास्थ्य कार्यालय बाग्लुङको आयोजना, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको प्राबिधिक सहयोग तथा बरेङ र तमानखोला गाउँपालिकाको समन्वयमा दुई गाउँपालिकाको पारिवारिक स्वास्थ्य प्रोफाइलको प्रारम्भिक नतिजा सार्वजनिकरण कार्यक्रम सम्पन्न भएको छ ।सार्वजनिक गरिएको नतिजा अनुसार बरेङ गाउपालिकामा जम्मा २६५५ घरधुरी र ११५४६ जनाको तथ्यांक संकलन भएको जनाइएको छ भने तमानखोला गाउपालिकामा जम्मा २२४९ घरधुरी र ९५७४ जनाको तथ्यांक संकलन भएको जनाइएको छ कार्यक्रमको सहजीकरण स्वास्थ्य निर्देशनालयका तथ्यांक अधिकृत प्रविण भण्डारीले गर्नुभएको थियो।



## बालबालिकाको पोषण लेखाजोखा

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८०/३/१२ र ३/१५ गतेका दिन ५ बर्ष मुनिका बालबालिकाहरुका लागि पोषण लेखाजोखा शिविर जैमिनी तथा ढोरपाटन नगरपालिकामा सम्पन्न भएको छ। शिविरमा ३५० जना बालबालिकाहरुको पोषण अवस्था परिक्षण गरिएको थियो, जस मध्य ६ जनामा अति शिघ्र कुपोषण र ३९ जनामा मध्यम कुपोषण पत्ता लागेकको थियो यसका साथै सबै बच्चाहरुको रगतमा हेमोग्लोविनको अवस्था परिक्षण गरिएको थियो भने १३१ जना बच्चाहरूमा रक्तअल्पता देखा परेको थियो। कार्यक्रममा बच्चाका आमाहरुलाई असल खानपान र पोषणको महत्वको विषयमा जनस्वास्थ्य निरिक्षक लक्ष्मी शर्माले स्वास्थ्य शिक्षा प्रदान गर्नु भएको थियो।







## मानसिक स्वास्थ्य सम्बन्धि तालिम

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मानसिक स्वास्थ्य सम्बन्धि ५ दिनको तालिम बुर्तिवाङ बागलुङमा सम्पन्न भएको छ। तालिममा बेनि अस्पताल र गोरखा अस्पतालका मनोरोग विशेषज्ञहरु डा.अनुशा मानन्धर र डा. मानकाजि थापा मगरले सहजिकरण गर्नुभएको थियो। तालिममा जिल्लाका २५ जना स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो। यो संगै आ.व २०७९/८० मा जिल्लाका ५० जनालाई मानसिक स्वास्थ्य सम्बन्धि तालिम प्रदान गरिएको छ।




## स्वास्थ्यकर्मीहरुलाई खोप सम्बन्धि तालिम

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा संचालित राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत खोप सेवामा संलग्न स्वास्थ्यकर्मीहरुलाई नयाँ खोप, कोल्डचेन व्यवस्थापन, ए.इ.एफ.आइ र सर्भिलेन्स तथा खोप सेसनको व्यवस्थापन र सरसफाई प्रवर्द्धन सम्बन्धी ४ दिने आधारभूत तालिम २ ब्याचमा सम्पन्न भएको छ । स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गरी नियमित खोप सेवा कार्यक्रमलाई सुदृढिकरण गर्नुको साथै खोप कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी रुपमा संचालन गर्ने उदेश्य अनुरुप उक्त तालिम संचालन भएको थियो। उक्त तालिममा जिल्लाका दश वटै स्थानीय तहका ५४ जना स्वास्थ्यकर्मीहरु तथा खोप फोकल पर्सनहरुको सहभागीता रहेको थियो ।







## नवशिशु तथा बालरोगको एकिकृत व्यवस्थापन (IMNCI)समिक्षा

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा जिल्लाका ९ वटा स्थानीय तहमा रहेका आधारभूत स्वास्थ्य केन्द्र , स्वास्थ्य चौकि , नगर अस्पताल र पालिका स्तरिय नवशिशु तथा बालरोगको एकिकृत व्यवस्थापन (IMNCI)समिक्षा सम्पन्न भएको छ। समिक्षामा कार्यक्रमका सुचकहरुका बारेमा सबै सहभागीले आफ्नो आफ्नो संस्थाको प्रस्तुतिकरण गर्नुभएको थियो। जिल्लाका तिनवटा स्थान बागलुङ बजार, हटिया बजार र बुर्तिवाङमा भएको कार्यक्रममा जिल्लाका ९५ जना स्वास्थ्यकर्मी सहभागी भएका थिए भने स्वास्थ्य कार्यालयका क्षयकुष्ठ निरिक्षक देव प्रकाश घिमिरे गलकोट नगरपालिकाका जन स्वास्थ्य अधिकृत शुशिल पौडेल , दमेक स्वास्थ्य चौकिका हेम कुमार आचार्य तथा स्वास्थ्य कार्यालय प्रमुख प्रविण शर्माले सहजिकरण तथा अनुगमन गर्नुभएको थियो।






# *स्थानीय तहको कार्यक्रम विशेष :*

## बागलुङ नगरपालिका:

- ELMIS सम्बन्धि तालिम
- समता र पहुच कार्यक्रम
- VIA camp
- आँखा, नाक, कान , घाँटी रोग सम्बन्धी स्वा.स्वयम्सेबिका लाई अभिमुखिकरण
- आमा समूहलाई स्वास्थ्य शिक्षा अभिमुखिकरण
- मोबाइल स्वास्थ्य कार्यक्रम

## ढोरपाटन नगरपालिका:

- VIA camp
- आँखा, नाक, कान , घाँटी रोग सम्बन्धी स्वा.स्वयम्सेबिका लाई अभिमुखिकरण
- FCHV हरुलाई सम्मानजनक विदाई
- MNCI को अनसाईट कोचिङ तथा समिक्षा
- RRT गठन तथा अभिमुखिकरण
- स्वास्थ्यमर्मिहरुलाई किशोर किशोरी स्वास्थ्य सम्बन्धि अभिमुखिकरण
- स्वास्थ्यमर्मिहरुलाई OTC सम्बन्धि अभिमुखिकरण
- नसर्ने रोग,मानसिक रोग सम्बन्धि जनचेतना कार्यक्रम

## गलकोट नगरपालिका:

- MNH clinical mentoring and onsite coaching
- नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखिकरण
- Birthing center को सूक्ष्म अनुगमन तथा अन्तर्क्रिया
- धार्मिक गुरूका लागि स्वास्थ्य सम्बन्धी अभिमुखिकरण
- पाण्डवखानीमा आखा शल्यक्रिया शिविर

## जैमिनी नगरपालिका:

- ५ वटा वडामा बिद्यालयमा दाँत तथा आँखा शिविर
- खोप कार्यक्रमको सुक्ष्मयोजना तथा सरसफाइ प्रर्वद्वन
- पूर्णखोप दिगोपना सुनिश्चितताको घोषणा
- RRT सम्बन्धि अभिमुखिकरण
- क्षयरोग कार्यक्रमको अर्धवार्षिक कोहर्ट विश्लेषण
- FCHV हरुको वार्षिक समिक्षा

## बरेंङ गाउँपालिका:

- महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको पुनर्ताजगी तालिम
- क्षयरोग को अर्ध वार्षिक समिक्षा तथा कोहर्ट विश्लेषण
- पालिकाभरिकै १५४ वटा खानेपानीको नमुना परिक्षण
- पालिका स्तरीय नागरिक आरोग्य समिति र सबै वडामा नागरिक आरोग्य समुह गठन
- हुग्दिशिर सामुदायिक स्वास्थ्य इकाई र साग्दी सामुदायिक स्वास्थ्य इकाईमा IMNCI को अनसाईट कोचिङ

## काठेखोला गाउँपालिका:

- २ वटा स्वास्थ्य सस्थामा MSS कार्यक्रम
- महिला सामुदायिक स्वास्थ्य स्वयसेविकाको वार्षिक समीक्षा गोष्ठी सम्पन्न
- MNH onsite Coaching
- समुदाय स्तरमा किशोर किशोरी स्वास्थ्य कार्यक्रमको अभिमुखिकरण
- समुदायस्तरमा किटजन्य तथा डेङ्गी रोगबारे सचेतना कार्यक्रम

## तमानखोला गाउँपालिका:

- आँखा, नाक, कान , घाँटी रोग सम्बन्धी अभिमुखिकरण
- नर्जाखानी आधारभूत स्वास्थ्य सेवा केन्द्रमा IMNCI अनसाईट कोचिङ
- तमान स्वास्थ्य चौकीमा किशोरीमैत्री स्वास्थ्य चौकी सम्बन्धि होलसाईट अभिमुखिकरण
- सबै सामुदायिक बिद्यालयमा प्राथमिक उपचार तालिम तथा सामाग्री हस्तान्तरण
- FCHV कार्यक्रमको बार्षिक समिक्षा
- डेङ्गी लगायत किटजन्य रोग नियन्त्रणको लागि लामखुट्टेको लार्भा खोज र अष्ट गर्ने अभियान

## ताराखोला गाउँपालिका:

- महिला स्वास्थ्य स्वयं सेविका हरुलाई आधारभुत तालिम
- आँखा परिक्षण तथा मोतिबिन्दुको शल्यक्रिया
- HMIS को पुनर्ताजगी तालिम
- FVHV हरुको वार्षिक समिक्षा
- पूर्ण खोपयुक्त गाउँ पालिका घोषणा

## निसिखोला गाउँपालिका:

- बोहोरागाउँ स्वस्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड MSS
- देबिस्थान स्वस्थ्य चौकी र बोहोरागाउ स्वस्थ्य चौकीमा IMNCI on site coaching
- ENT सम्बन्धि आभिमुखिकरण
- VIA camp
- डेंगु तथा लाम्खुट्टे खोज र नष्ट तथा सरसफाइ आभियन
- आमा समुहमा स्वास्थ्य शिक्षा सम्बन्धि अभिमुखिकरण

## बडिगाड गाउँपालिका:

- वडा न. २ मा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको पुनर्ताजगी तालिम
- IMNCI को अनसाईट कोचिङ
- एकिकृत ग्रामिण मोबाईल स्वास्थ्य सेवा कार्यक्रम
- निशुल्क स्वास्थ्य विमा वडा न ८
- पुर्णखोप सुनिश्चितता तथा दिगोपना पालिका प्रमाणिकरण

## स्वास्थ्य कार्यालय बागलुङको आ.व २०७९/८० सम्पूर्ण कार्यक्रम समापन संगै कारोबार तथा वित्तीय खाता बन्द

स्वास्थ्य कार्यालय बागलुङले आ.व २०७९/८० को सम्पूर्ण कार्यक्रम समापन गरे संगै २०७९/८० को लागि आफ्नो आर्थिक कारोबार तथा वित्तीय खाता बन्द गरेको छ। २०८० आषाढ २२ गते पत्रकार सम्मेलनको आयोजना गरी स्वास्थ्य कार्यालयका प्रमुख प्रविण शर्माले सो जानकारी दिनुभएको हो ।कार्यक्रममा स्वास्थ्य कार्यालयले यस आ.व मा संचालन गरेका सम्पूर्ण कार्यक्रमको प्रगतिको समिक्षा गरिएको थियो। जिल्ला स्थित सरोकारवालाहरुको उपस्थितिमा आयोजना गरिएको पत्रकार सम्मेलनमा आफ्नो प्रस्तुति राख्दै कार्यालय प्रमुख शर्माले यस आ.व मा स्वास्थ्य कार्यालयको प्रदेश समानीकरण तर्फ वित्तीय प्रगति ८४.४४% र भौतिक प्रगति ९४.१९% तथा संघ सशर्त तर्फ वित्तीय प्रगति ७०.८७% र भौतिक प्रगति ९७.९६% रहेको जानकारी दिनुभयो।

## आ.व २०७९/८० मा स्वास्थ्य कार्यालयबाट संचालन भएका कार्यक्रमहरुः

### राष्ट्रिय खोप कार्यक्रम अन्तरगत सम्पन्न गरिएका कार्यक्रम

- ५ देखि ११ वर्ष सम्मका बालबालिकाहरुलाई फाइजर-बायोएनटेक खोप दिने बारे अभिमुखिकरण
- पालिका स्तरमा पूर्ण खोप कार्यक्रमको समिक्षा तथा पूर्ण खोप दिगोपना र सरसफाई प्रबर्द्धन सम्वन्धी १ दिने अभिमुखिकरण
- पालिका स्तरमा पूर्ण खोप कार्यक्रमको समिक्षा तथा पूर्ण खोप दिगोपना र सरसफाई प्रबर्द्धन सम्वन्धी १ दिने अभिमुखिकरण एवं दिगोपनाको लागि योजना तयारी गोष्ठी
- छुट बच्चाको पहिचान भई पूर्ण खोप सुनिश्चितताको समिक्षा, नियमित खोपको सुदृढीकरण र पूर्ण खोप दिगोपनाको लागि सूक्ष्म योजना अद्यावधिक २ दिन र सरसफाई प्याकेजको पुर्नताजगी तालिम १ दिन गरि ३ दिने गोष्ठि कार्यक्रम
- पालिका स्तरमा खोप छुट बच्चा ( शुन्य डोज तथा ड्रप आउट ) को पहिचान र छुट खोप पूरा गरी पूर्ण खोप सुनिश्चितता तथा नियमित खोप र सरसफाई प्रबर्द्धनको लागि रणनीति तयारी तथा सूक्ष्म योजना अध्यावधिक २ दिने गोष्ठी कार्यक्रम
- गुणस्तरीय खोप सेवा संचालन तथा सरसफाई प्रवर्द्धनमा संलग्न स्वास्थ्यकर्मीको दक्षता बृद्धि गर्न नयाँ तथा खोप तालिम नलिएका स्वास्थ्यकर्मीहरुलाई पूर्ण खोप सुनिश्चतता एवं सुक्ष्म योजना तयारी प्रक्रिया, तथा कोल्डचेन व्यवस्थापन, ए.ई.एफ.आई, सर्भिलेन्स, र सरसफाई प्रवर्द्धन सम्वन्धि आधारभुत ४ दिने तालिम
- कोभिड-१९ महामारी पश्चात हाल सम्म २१६२७५ जनालाई पहिलो मात्रा, २१२४०७ जनालाई दोस्रो मात्रा, पहिलो बुस्टर १०८७२४ जनालाई र दोस्रो बुस्टर १७३६७ जनालाई कोभिड १९ रोग विरुद्धको खोप सेवा प्रदान
- बागलुङ जिल्लालाई पुर्ण खोप सुनिश्चितता र दिगोपन घोषणा कार्यक्रम

### आमा तथा नवजात शिशु सम्बन्धि सम्पादन गरीएका कार्यक्रमहरु

- ANC/PNC का घरघरमा स्वास्थ्यकर्मी कार्यक्रम अभिमुखीकरण
- ANC TO PNC continuum orientation तथा EOC review
- सुरक्षित गर्भापतन सम्बन्धि VCAT अभिमुखीकरण
- महिला सामुदायिक स्वास्थ्य स्वयमसेबिकाको लागि आधारभूत तालिम
- महिला सामुदायिक स्वास्थ्य स्वयमसेबिकाको लागि पुनर्ताजगी तालिम
- बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम
- प्रजनन स्वास्थ्य समन्वय समिति गठन तथा बैठक सन्चालन
- परिवार नियोजन सम्बन्धि शिविर

**पोषण कार्यक्रम अन्तरगत सम्पन्न गरिएका कार्यक्रम**

- १०३४ सुत्केरी आमालाई सुत्केरी पोषिलो खाना खर्च वितरण
- पोषण समबन्धि बृत्त चित्र निर्माण
- ओ टि सी (कुपोषण व्यवस्थापनका लागि उपचार केन्द्र) विस्तारका लागि सामाग्री खरिद
- पोषण पैरवी बैठक
- ५ बर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्था सर्वेक्षण
- ५ बर्ष मुनिका बालबालिकाहरुको लागि पोषण शिविर सञ्चालन

**स्वास्थ्य तथा सुचना व्यवस्थापन कार्यक्रम**

- चौमासिक तथा बार्षिक समिक्षा
- स्वास्थ्य सुचना प्रणाली तालिम
- पारिवारीक लगत संकलन र स्वास्थय प्रोफाइल निर्माणका लागि अभिमुखिकरण
- स्थानीय संचार माध्यम मार्फत स्वास्थ्य सम्बन्धि सुचना तथा जानकारी सम्प्रेषण

**रोग नियन्त्रण कार्यक्रम अन्तरगत सम्पन्न गरिएका कार्यक्रम**

- क्षयरोग आधारभुत तालिम
- नाक, कान, आखाँ ,घाटी र मुख स्वास्थ्य अभिमुखिकरण
- कुष्ठरोग, क्षयरोग तथा औलो रोग दिवसमा पत्रकार अन्तरक्रिया
- स्तरिय उपचार प्रणाली STP/BHS अभिमुखिकरण
- नसर्ने रोग सम्बन्धी तालिम
- बैदेशिक रोजगारमा जाने युवा / युवतिका लागि सचेतनामुलक कार्यक्रम
- बिषादी रहित खाद्य प्रवर्दन कार्यक्रम
- एचआइभि तथा अन्य रोग सर्भिलेन्स
- आइ एम एन सि आइ समिक्षा
- एचआइभि सम्बन्धी लान्छाना र भेदभाव सम्बन्धी रेडियो कार्यक्रम
- क्षयरोग विरामीलाइ पोषण भत्ता वितरण
- किटजन्य रोगहरूको अनसाइट कोचिङ तथा अभिमुखीकरण
- डेंगी सम्बन्धि अभिमुखीकरण तथा खोज र नस्ट गर अभियान
- हात्तीपाइले रोग विरुद्द औषधी खुवाउने अभियान
- RRT (द्रुत प्रतिकार्य) सम्बन्धि तालिम
- Mental health (mh GAP) Training (मानसिक स्वास्थ्य)
- आमा समुह तथा टोल विकास संस्थाका पदाधिकारीलाई स्वास्थ्य सम्बन्धि अभिमुखीकरण
- खाने पानीको परिक्षण (मुहानको पानी तथा विद्यालय)